राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

पु.नं. ३१८/२०७१/०७२

दोलखा जिल्ला, जिरी नगरपालिका वार्ड नं.९ बस्ने विश्वनीति प्रकाशमान सिंह पाखिन.........१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, श्री माथिल्लो तामाकोशी जलविद्युत आयोजना, ज्ञानेश्वर, काठमाण्डौ.... .......१ विपक्षी
सूचना अधिकारी, श्री माथिल्लो तामाकोशी जलविद्युत आयोजना, ज्ञानेश्वर, काठमाण्डौ. .........१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

दोलखा जिल्ला, जिरी नगरपाललिका वार्ड नं.९ वस्ने विश्वनीति प्रकाशमान सिंह पाखिनले श्री माथिल्लो तामाकोशी जलविद्युत आयोजना, ज्ञानेश्वर, काठमाण्डौ समक्ष तपसिल वमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री माथिल्लो तामाकोशी जलविद्युत आयोजना, ज्ञानेश्वर, काठमाडकौका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

- आर्थिक वर्ष २०६७।०६८ देखि २०७०।०७१ सम्मको आन्तरिक लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार ४ गते रोज ६ शुभम् ।